# संघीय संसद
# प्रतिनिधि सभा
### छैटौं अधिवेशन
### बैठक संख्या - २५

### सूचनापत्र - २
### (बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल असार ९ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री बिमला नेपाली
२. मा० श्री बृजेश कुमार गुप्त
३. मा० श्री भरत कुमार शाह
४. मा० श्री भवानी प्रसाद खापुङ्ग
५. मा० श्री भिमसेन दास प्रधान
६. मा० श्री भैरव बहादुर सिंह
७. मा० श्री मन कुमारी जि.सी.
८. मा० श्री महेश्वरजंग गहतराज (अथक)
९. मा० श्री मिनबहादुर विश्वकर्म
१०. मा० श्री मिना सुब्बा
११. मा० श्री मिनेन्द्रप्रसाद रिजाल
१२. मा० श्री मैना कुमारी भण्डारी
१३. मा० श्री मोहन बानियां
१४. मा० श्री यज्ञराज सुनुवार
१५. मा० श्री रंगमती शाही
१६. मा० श्री राजेन्द्र कुमार के.सी.
१७. मा० श्री राजेन्द्र कुमार राई
१८. मा० श्री राजेन्द्र प्रसाद गौतम
१९. मा० श्री राधा कुमारी ज्ञवाली
२०. मा० श्री रानी मण्डल
२१. मा० श्री राम कुमारी चौधरी
२२. मा० श्री रामकुमारी झांक्री
२३. मा० श्री रामबहादुर विष्ट
२४. मा० श्री लक्ष्मी कुमारी चौधरी
२५. मा० श्री लक्ष्मी परियार

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री हेमकुमार राई
२. मा० डा० अमरेश कुमार सिंह
३. मा० श्री महिन्द्र राय यादव
४. मा० श्री प्रदिप यादव
५. मा० श्री दामोदर भण्डारी
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री डिला सँग्रौला (पंत)
८. मा० श्री पार्वती कुमारी विशुन्के
९. मा० श्री केदार सिग्देल

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो :-

संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा २७४ को उपधारा (९) बमोजिम प्रमाणीकरणको लागि पेश हुन आएको देहाय बमोजिमको विधेयक सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा २७४ को उपधारा (१०) बमोजिम प्रमाणीकरण भएकोले सो को प्रमाणीकृत प्रति थान १ (एक) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | विवरण | प्रमाणीकरण मिति |
|---|---|---|
| १ | नेपालको संविधानलाई संशोधन गर्न बनेको विधेयक | २०७७/३/४ |

मिति : २०७७/३/४

(डा. हरि पौडेल)
सचिव

त्यसपछि प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले प्रतिनिधि सभामा उत्पत्ति भएको “विनियोजन विधेयक, २०७७”, “आर्थिक विधेयक, २०७७”, “राष्ट्र ऋण उठाउने विधेयक, २०७७”, “ऋण तथा जमानत

(चौबीसौं संशोधन) विधेयक, २०७७" र "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७" संशोधन विना राष्ट्रिय सभाबाट पारित भएको सन्देशको जानकारी गराउनु भयो ।

तदुपरान्त राज्यव्यवस्था तथा सुशासन समितिका मा० सभापति श्री शशि श्रेष्ठले "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७७" पेश गर्नुभयो ।

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले "नेपाल विशेष सेवा विधेयक, २०७६ माथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "नेपाल विशेष सेवा विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री गगन कुमार थापा
३. मा० श्री पुष्पा भुसाल (गौतम)
४. मा० श्री दिलेन्द्रप्रसाद बडू
५. मा० श्री सञ्जयकुमार गौतम
६. मा० श्री नवराज सिलवाल
७. मा० श्री प्रेम सुवाल

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "नेपाल विशेष सेवा विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले "राज्यव्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहितको लोक सेवा आयोग विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त राज्यव्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहित लोक सेवा आयोग विधेयक, २०७५ माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री मिनबहादुर विश्वकर्म
२. मा० श्री दिलेन्द्रप्रसाद बडू
३. मा० श्री सञ्जयकुमार गौतम
४. मा० श्री गजेन्द्र बहादुर महत
५. मा० श्री प्रेम सुवाल

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "लोक सेवा आयोग विधेयक, २०७५" का सम्बन्धमा राज्यव्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि २३ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्दै विधेयकको अंग बनोस् भनी क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ६२ सम्म "लोक सेवा आयोग विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "लोक सेवा आयोग विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले "लोक सेवा आयोग विधेयक, २०७६ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेलाई "राज्यव्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहितको संघ, प्रदेश र स्थानीय

तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७६ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि राज्यव्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहित संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७६ माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री पुष्पा भुसाल (गौतम)
२. मा० श्री सुजाता परियार
३. मा० श्री महेश बस्नेत
४. मा० श्री उमा रेग्मी
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री मन कुमारी जि.सी.
७. मा० श्री पार्वता डि.सी. (चौधरी)
८. मा० श्री घनश्याम खतिवडा
९. मा० श्री रामकुमारी झाँक्री

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७६" का सम्बन्धमा राज्यव्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या ९ को (१) मा सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले जवाफ दिने क्रममा स्वीकार गर्नुभएको निम्नलिखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

प्रतिवेदनको बुँदा नं. ९ को (१) को दोस्रो हरफमा रहेको "संघीय सांसदहरुको" भन्ने शब्दहरुको सट्टा "संघीय संसदका सदस्यहरुको" भन्ने शब्दहरु राख्ने ।

त्यसपछि सम्माननीय सभामुखले "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७६" का सम्बन्धमा राज्यव्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १७ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्दै विधेयकको अंग बनोस् भनी क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ३१ सम्म "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) विधेयक, २०७७" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले "संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) विधेयक, २०७७ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "भन्सार विधेयक, २०७७" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विधेयक प्रस्तुतकर्ता मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "भन्सार विधेयक, २०७७" पेश गर्नुभयो ।

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "अर्थ समितिको प्रतिवेदन सहितको नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त अर्थ समितिको प्रतिवेदन सहित नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५ माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री प्रदिप गिरी
३. मा० श्री प्रेम सुवाल

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५" का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ६ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्दै विधेयकको अंग बनोस् भनी क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि २७ सम्म "नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७६ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर बैठक २०७७ साल असार १७ गते बुधबार दिनको १:०० बजे बस्नेगरी दिनको ५:०५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव